ब्रिटिस गोर्खा नेपाली नागरिकता निरनतरता अभियान-बेलायत/नेपाल
British Gurkha Nepali Citizenship Continuation Campaign-UK/Nepal

**माननीय श्री ज्ञानेन्द्र शाहीज्यू** मिति: २०८३/०१/२८
**संसदीय दलका नेता, राष्ट्रिय प्रजातन्त्र पार्टी**
संघीय संसद सदस्य (प्रतिनिधि सभा)
सिंहदरबार, काठमाडौँ, नेपाल

**विषय: संविधान संशोधनमार्फत ब्रिटिस गोर्खाहरूको 'वंशजको नागरिकता' निरन्तरताका लागि ऐतिहासिक पहल गर्न अनुरोध।**

**माननीय ज्यू,**

नेपालको सार्वभौमिकता, राष्ट्रिय अखण्डता र अन्तर्राष्ट्रिय प्रतिष्ठाको रक्षाका लागि "वीर गोर्खा" का रूपमा विश्वभर चिनिएका ब्रिटिस गोर्खाहरूको एउटा गम्भीर र न्यायोचित मुद्धामा यहाँको विशेष ध्यान आकृष्ट गराउन चाहन्छौँ।

विगत दुई शताब्दीभन्दा बढी समयदेखि राष्ट्रिय नीति र अन्तर्राष्ट्रिय सन्धि-सम्झौता (सन् १८१६ को सुगौली सन्धि र १९४७ को त्रिपक्षीय सन्धि लगायत) को जगमा उभिएर नेपाली नागरिककै रूपमा बेलायती सेनामा भर्ती भई नेपालको इज्जत बढाउने गोर्खाहरू आज आफ्नै मातृभूमिमा 'पहिचानको संकट' सँग जुधिरहेका छन्। राज्यको रणनीतिक आवश्यकता र दायित्व निर्वाह गर्ने क्रममा सिर्जना भएको विशेष परिस्थितिका कारण प्राप्त भएको विदेशी आवासीय अधिकार (अङ्गीकृत नागरिकता) लाई आधार मानी गोर्खाहरूको 'वंशजको नेपाली नागरिकता' खारेज हुनु कुनै पनि दृष्टिकोणबाट न्यायसंगत छैन। यस सन्दर्भमा, **"ब्रिटिस गोर्खा नेपाली नागरिकता निरन्तरता अभियान समिति" (BGNCCC-UK/Nepal)** यहाँको निर्णायक हस्तक्षेप र विधायीकी पहलको अपेक्षा गर्दै निम्न बुँदाहरू प्रस्तुत गर्दछ।

**विशिष्ट परिस्थितिको पहिचान:** गोर्खाहरू रहरले वा व्यक्तिगत स्वार्थका लागि विदेश पलायन भएका आप्रवासी होइनन् । राज्यले नै सन्धिमार्फत वैदेशिक सैन्य सेवामा पठाएका हुनाले र आज पनि सोही सन्धिमार्फत वार्षिक सयौँ युवाहरू भर्ती भइरहेकाले उनीहरूलाई आम 'गैर-आवासीय नेपाली' (NRN) को परिभाषाभित्र खुम्च्याउनु ऐतिहासिक गल्ती हुनेछ । सरकारले आफ्ना नागरिकलाई सन्धि गरेर सैन्य सेवामा पठाउने तर उनीहरूको नेपाली राष्ट्रियता सुनिश्चित नगर्ने हो भने यसले गम्भीर नैतिक र कानुनी प्रश्न खडा गर्दछ।

**संविधान संशोधनमा समावेश गरिनुपर्ने:** हाल देशमा संविधान संशोधनको बहस चलिरहेको सन्दर्भमा, नेपालको संविधानको भाग २ "नागरिकता" मा नयाँ धारा थपि सम्बन्धी अन्य प्रावधानहरूमा परिमार्जन गरी "एक पटकको नेपाली, सधैँको नेपाली" भन्ने भावना अनुरूप संवैधानिक सुनिश्चितता गरिनुपर्दछ।

ब्रिटिस गोर्खा नेपाली नागरिकता निरनतरता अभियान-बेलायत/नेपाल
**British Gurkha Nepali Citizenship Continuation Campaign-UK/Nepal**

***"ब्रिटिस गोर्खा र गोर्खा सन्ततिहरूले बेलायती अङ्गीकृत नागरिकता प्राप्त गरे तापनि उनीहरूको वंशजको नेपाली नागरिकता यथास्थितिमा कायम रहनेछ र उनीहरूका भावी सन्ततिले समेत वंशजका आधारमा नागरिकता पाउने बाटो प्रशस्त गरिनेछ"*** भन्ने स्पष्ट व्यवस्थाका लागि यहाँको दलको तर्फबाट विशेष पहलको माग गर्दछौँ।

**प्राकृतिक न्याय र अधिकार:** ब्रिटिस नागरिकता लिए पनि गोर्खाहरूको निष्ठा सधैँ नेपालप्रति नै छ। उनीहरूको पुख्र्यौली सम्पत्ति र पहिचानको अधिकार खोसिनु 'प्राकृतिक न्यायको सिद्धान्त' विपरीत छ।

**सन्ततिको अधिकार:** विदेशमा जन्मिएका गोर्खा सन्ततिहरूलाई नेपालको मूल प्रवाहमा जोड्न र उनीहरूको विज्ञतालाई देश विकासमा लगाउन 'वंशजको आधारमा' नागरिकता प्राप्त गर्ने ढोका खुला राखिनुपर्दछ।

**माननीय नेताज्यू,**

राष्ट्रियता र जनसरोकारका विषयमा सदनमा यहाँले खेल्दै आउनुभएको प्रखर भूमिकाप्रति हामी जानकार छौँ। यो अन्यायपूर्ण अवस्थाको अन्त्य गर्न सदनमा बुलन्द आवाज उठाइदिनुहुन र आगामी कानुन निर्माण वा संविधान संशोधनको प्रक्रियामा गोर्खाहरूको पक्षमा निर्णायक भूमिका खेलिदिनुहुन हामी विनम्र अनुरोध गर्दछौँ। गोर्खाहरूको रगत र पसिनाले सिञ्चित यो माटोले आफ्ना वीर सन्तानहरूलाई 'अनागरिक' बनाउने छैन भन्नेमा हामी पूर्ण आशावादी छौँ।

**फुर्बा गर्ज शेर्पा**
संयोजक - नेपाल
BGNCCC-UK /Nepal
Mob: 9861748173
phurba.sherpa3547@gmail.com

**होम किरात सुनुवार**
महा सचिव - यूके/नेपाल
BGNCCC-UK /Nepal
Mob: 9811550496
hom30@hotmail.co.uk

**सन्तोष थलङ**
प्रमुख संयोजक - यूके/नेपाल
BGNCCC-UK /Nepal
Mob: 044-7961830312 (Uk)
sthalang@yahoo.co.uk

WWW.BGNCCC.COM I BGNCCC-UK/Nepal Registered Number: 13120428 Established: July 6th 2014
Tel: Co-Ordinator BGNCC-UK/Nepal: +44 (0) 7340 465925, General Secretary: +44 (0) 7737 285313 Email: hom6130@gmail.com

Chief Co-Ordinator UK/Nepal: Mr Santosh Thalang
General Secretary UK/Nepal: Mr Hom Kirat Sunuwar
Vice Co-Ordinator/MediaSec: Mr Gopal Giri
Vice Co-Ordinator: Mr Dhan Ghale
Secretary: Mr Hindu Kumar Moktan
Joint Media Secretary: Mr Nayandra Rai
Co-Ordinator UK/Nepal: Mr Hari Bahadur Gurung
Co-Ordinator - Nepal: Mr Phurba Garja Sherpa
Vice Co-Ordinator: Mr Popiraj Rai
Treasurer: Mr Man Bahadur Limbu
Joint Treasurer: Mr Guna Raj Rai
Public Relations: Mr Dilip Mohora